**जिल्ला प्रशासन कार्यालय काठमाडौं**
**<u>इजलाश</u>**
**प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल**
**<u>फैसला</u>**

सम्बत् २०७१/०७२ सालको स.बा.फौ.मि.नं.३४/६० (**हातहतियार**)

<u>दर्ता मिति</u> :– <u>२०७०/०७/२०</u>

मुद्दा :– **<u>हातहतियार खरखजाना</u>** ।

<u>निर्णय नं.२०३९ , मिति :– २०७१/११/११</u>

| **<u>वादी</u>** | **<u>प्रतिवादी</u>** |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**..........१ | देवीलाल चौधरीको छोरा, सप्तरी जि. सप्तरी, इनरुवा गा.वि.स., वडा नं.४ घर भई का.जि.,का.म.न.पा.-९ मा बस्ने वर्ष २४ को रामानन्द भन्ने रमानन्द चौधरी.......................................................... १ |
| निजको प्रमाण................................. | निजको प्रमाण ................................................................. |
| साक्षी .............. | साक्षी ........................................................................ |
| कागज......................................... | कागज ........................................................................ |

**<u>यस कार्यालयबाट बुझेको</u>**

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

(१) मिति २०७०।६।२६ गते काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ९ सिनामंगलस्थित भत्केको पुलमा पछि नाम थर वतन खुल्न आएका रमानन्द चौधरीलाई शंकास्पद अवस्थामा फेला पारी निजको शरीर तलासी गर्दा साथमा लुकाई कम्वरमा भिरी राखेको अवस्थामा कालो रंगको होम मेड पेस्तोल थान १ फेला परेको हुदा वरामद गरी निज रमानन्द चौधरीलाई पक्राउ गरी आवश्यक कारवाहीका लागि दाखिला गरेका छौं भन्ने समेत व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(२) *मेरो घर सप्तरी जिल्लामा भएपनि म विगत १० वर्ष पहिला देखि काठमाण्डौंमा बसी आफ्नो जीवन निर्वाह गर्दै आएको र आज भन्दा करिव ४ वर्ष पहिला देखि काठमाण्डौं, सिनामंगलमा ग्रिल पसल संचालन गरी बस्ने क्रममा चिनजान भएका यकिन वतन थाहा नभएका भारत घर बताउने बोलाउदा दुली भनिने व्यक्तिले लहानमा रु १०,०००।- जतिमा राम्रो हतियार पाइन्छ, काठमाण्डौं ल्याउन सके रु ८०,०००।- सम्ममा विक्री हुन्छ भनेपछि मेरो घर पनि लहान नजिकै भएको हुदा म घर जाने समयमा निज दुली भन्ने व्यक्ति सँगै गई लहान पुगेपछि मैले निजलाई रु १०,०००।- दिई निजसँग पेस्तोल मगाई उक्त पेस्तोल लिई काठमाण्डौं आई पेस्तोल विक्रीको लागि सामान्य चिनजान भएका यकिन नाम थर वतन थाह नभएका राजन भन्ने व्यक्तिसँग सम्पर्क गर्ने क्रममा पक्राउमा परेको हो, वरामदी मुचुल्कामा उल्लेखित*

*होममेड पेस्तोल मेरै साथबाट वरामद भएको हो* भन्ने व्समेत व्यहोराको प्रतिवादी रमानन्द चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

(३) मिति २०७०।६।२६ गते काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ९ सिनामंगलमा रमानन्द चौधरीलाई अवैध पेस्तोल सहित प्रहरीले पक्राउ गरेको मैले थाहा पाएको हो र निज रमानन्द चौधरीको सम्वन्धमा बुझ्दा निज अवैध हातहतियारको कारोबार गर्ने व्यक्ति भएको बुझिन आएको हो भन्ने समेत व्यहोराको निराकार उप्रेती समेतका मानिसहरुले गरेको घटना विवरण कागज ।

(४) मिसिल संलग्न खानतलासी तथा वरामदी मुचुल्का प्रहरी प्रतिवेदन, सनाखत कागज, प्रतिवादी रमानन्द चौधरीले गरेको बयान कागज समेतका मिसिल संलग्न कागज प्रमाणहरुबाट यी प्रतिवादीले विना इजाजत अबैध रुपमा होममेड पेस्तोल बोकी, बिक्री गर्न भनी शंकास्पद अवस्थामा बसिरहेको अवस्थामा मिति २०७०।०६।२६ गतेका दिन सिनामंगलबाट पक्राउ परेको पुष्टि हुन आएकोले प्रतिवादी रमानन्द चौधरीलाई **हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२),४(२) र ५(१)** बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा २४(क) बमोजिम पूर्पक्षका लागि थुनामा राखी **ऐ.दफा** २०(२) बमोजिम सजाय गरी वरामद हातहतियार तथा खरखजाना सोहि **ऐनको दफा १६** बमोजिम जफत गरी पाँउ भन्ने अभियोग मागदावी  रहेछ ।

(५) *मेरो घर सप्तरीको इनरुवा फुलवरिया डंग्राही गा.वि.स.वडा नं. ४ मा हो । म ११ वर्षको हुदा देखी नै काठमाण्डौं आई मजदुरी गर्दैछु । यसै सिलसिलामा म २०७०।६।२४ गते काठमाण्डौंबाट घर जानुको कारण मेरो एउटा बा १८ प २४३९ नं.को मोटरसाइकल र सो मोटरसाइकलको ब्लु बुक घर तिर नै भएकाले सो ल्याई दशैंमा मोटरसाइकल लिएर पुन: घर जान भनी घर गएको थिएं । मेरो ब्लु बुक पहिला नै बस वालाले काठमाण्डौं ल्याई सकेछन् । सोही वखत साहुले पनि छिटो काममा आइज भनेकाले म २०७०।६।२६ गते दिउसोको बसबाट काठमाण्डौं आउने क्रममा जि.सप्तरी, हनुमाननगर घर भएका राजन क्षेत्री भन्ने मानिसले मेरो एउटा झोला छ ल्याई देउ भनेकाले सो झोला ल्याई दिएर निजलाई पुऱ्याउन भनी जाँदा कात्यानी मन्दिर पुगेपछि निजको कोठमा झोला पुऱ्याई दिएँ । निजले मोटरसाइकल लक गरी आउनु भनेकाले लक गरी जाँदा निजका साथमा रहेका प्रहरीले हतकडी लगाई ल्याएका हुन्, मैले झोला ल्याई दिएकोसम्म हो, झोलामा हतियार भएको थाहा थिएन । सो कारण सजाय हुनु पर्ने होइन । मैले राजन क्षेत्रीसँग रु १०,०००।- लिई सो पैसा दुली भन्नेलाई लाहानमा दिएको हो । तर सो पैसा के को लागि हो भन्ने निजले भनेका थिएनन् । मैले १०,०००।- दिएपश्चात् निजले सामानको झोला माथि छ भनी छतमा झोला देखाई दिए । झोलामा के छ थाहा थिएन । दुली भन्ने राजन क्षेत्रीका साथी हुन्, मैले पहिला चिनेको थिएन* भन्ने समेत व्यहोराको प्रतिवादी रामानन्द भन्ने रमानन्द चौधरीले यस कार्यालयमा गरेको वयान ।

(६) यी प्रतिवादी रमानन्द चौधरीले वयान गर्दा आफुले झोलासम्म ल्याई दिएको, झोलामा के थियो थाहा भएन भन्ने वयान गरेको भएता पनि दुली भन्ने व्यक्तिलाई राजन क्षेत्रीसँग लिएको रु १०,०००।- दिएको हुँ भनी वयान गरेका र अधिकार प्राप्त अधिकारीसमक्षको वयानमा राजन क्षेत्री समेतको सल्लाहमा पेस्तोल रु १०,०००।- खरिद गरी ल्याएको कुरा स्वीकार गरेको देखिएको र अन्य बुझिएका मानिसको कागज एवं तत्काल प्राप्त प्रमाण समेतलाई हेर्दा यी निर्दोष छन् भनी भन्न सकिने अवस्था नदेखिदा पछि थप प्रमाण बुझी फैसला हुँदा ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ क बमोजिम प्रतिवादी रमानन्द चौधरीलाई प्रस्तुत मुद्दाको पुर्पक्षको निम्ति थुनामा राखी प्रस्तुत मुद्दाको पूर्पक्ष गर्नु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०/०७/२१ को आदेश ।

(७) *मिति २०७०।६।२६ गते का.जि.,का.म.न.पा.,वडा नं.९ सिनामंगल स्थित ग्रिल उद्योगमा साझ ५ बजेसम्म म समेतले सँगै काम गरेको र दशैंमा घर जाँदा हामीले काम गरेको रकम माग गरेकाले सोही दिन साँझ करिव ५.३० बजे तीर निज आफुले रकम लिनु पर्ने मानिस कात्यानी मन्दिर छेउतिर डेरा गर्ने राजन क्षेत्रीकहाँ गएकोमा २ दिनसम्म पनि उद्योगमा नआएकोले पछि बुझ्दै जादा निज पक्राउ परी हनुमानढोकामा रहेको थाह पाई निजलाई हनुमानढोकामा भेट्न जादा राजन क्षेत्रीको कोठामा रकम लिन*

*गएको अवस्थामा चिया खाने निँहुमा बसाई पछि प्रहरी बोलाई निजलाई राजन क्षेत्रीले पक्राउ गराई फसाएको भन्ने कुरा निज रमानन्द चौधरीले तत्समयमा मलाई भनेकाले थाहा पाएको हुँ । निज राम्रो चालचलनका व्यक्ति भएको र स्वयम आफुले २/४ जनालाई रोजगारी दिई ग्रिल उद्योग संचालन गर्ने गरेकोले निजबाट अवैध हतियार राख्ने, विक्री गर्ने गरेको भन्ने कुरा पूर्णत झुट्ठा हो । अतयवः निजबाट त्यस्तो कसुर नभएको हुदा अभियोग-पत्रको मागदावी अनुसार सजाय हुनु पर्ने होइन । निज काठमाण्डौं उपत्यकाबाट बाहिर कहि कतै नगएको करिव १ वर्ष भई सकेको थियो । यस्तो अवस्थामा निजले आफुसँग हतियार ल्याएको भन्ने कुरा झुट्ठा हो । साथै झुट्ठा अभियोग-पत्रको आधारमा निजलाई सजाय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी रमानन्द चौधरीका साक्षी हरेराम यादवले यस कार्यालयमा गरेको वकपत्र ।

(८) वरामद भएको पेस्तोल स्थानीय स्तरमा बनेको ( Home Made ) भएको र ०.३०३/०.३१५ इन्चको गोली फायर हुन सक्ने भनी हतियार परीक्षण प्रतिवेदनमा खुली आएको ।

**<u>ठहर</u>**

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।६।२६ गते काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ९ सिनामंगलस्थित भत्केको पुलमा पछि नाम थर वतन खुल्न आएका रमानन्द चौधरीलाई शंकास्पद अवस्थामा फेला पारी तलासी गर्दा निजको साथमा लुकाई कम्वरमा भिरी राखेको अवस्थामा कालो रंगको होममेड पेस्तोल थान १ फेला परेकाले प्रतिवादी रमानन्द चौधरीलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२),४(२) र ५(१) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम सजाँय गरी वरामद हतियार खरखजना ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

यसमा प्रतिवादी रमानन्द चौधरीले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

मिसिल संलग्न कागजातरु अध्ययन गरी अब निर्णय तर्फ विचार गर्दा काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं.९ सिनामंगलस्थित भत्केको पुलमा प्रतिवादी रमानन्द चौधरीले आफ्नो दाँया कम्मरमा लुकाई राखेको कालो रङको होम मेड पेस्तोल थान १ प्रतिवादीको सँग साथबाट फेला परेको भन्ने खानतलासी वरामदी मुचुल्काको रोहवरमा यी प्रतिवादीले सहीछाप गरेका रहेछन् ।

अनुसन्धानका क्रममा अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानमा यकिन नाम थर ठेगाना नभएका भारत घर वताउने दुली नाम गर्ने व्यक्तिले लाहानमा रु १०,०००।- मा राम्रो बन्दुक पाइन्छ, काठमाण्डौं ल्याउन सके रु ८०,०००।- सम्ममा विक्री हुन्छ भने पछि मेरो घरपनि लाहान नजिकै भएको हुँदा निज दुली भन्ने सगैं गई लाहान पुगी रु १०,०००।- दिई निजसँग पेस्तोल मगाई पेस्तोल लिई काठमाण्डौं आई पेस्तोल विक्री गर्न मेरो वर्कशपमा नै आउदा काठमाण्डौंमा सामान्य चिनजान भएका यकिन नाम थर वतान थाहा नभएका राजन भन्ने व्यक्तिसँग सम्पर्क गर्ने क्रममा पक्राउ परी पेस्तोल समेत वरामद गरेको, हतियार राख्ने लाइसेन्स समेत नभएको भनी कसुरमा सावित रही वयान गरेका छन् । यस कार्यालय समक्षको वयानमा *आफ्नो घर सप्तरीमा मोटरसाइकलको व्लुबूक छोडिएको र लिन घर गएको अवस्थामा साहूले फोन गरी छिटो काममा आउन भनेको, वसबाट काठमाण्डौं आउने क्रममा राज के.सी.भन्ने मान्छेले मेरो एउटा झोला ल्याईदेउ भनेको, झोला ल्याई कात्यानी मन्दिर नजिक निजको कोठमा पुर्‍याउन जादाँ निजले मोटरसाइकल लक गरी आउ भनेकाले लक गरी निजको कोठामा जाँदा निजको साथमा रहेको प्रहरीले पक्राउ गरेको, राजन क्षेत्रीले दिएको रु १०,०००।- लगेर दुली भन्नेलाई दिएको, निज दुली भन्नेले गाडीको छतमा भएको झोला देखाई यो झोला राजन भन्नेलाई दिनु भनी भनेकाले झोलामा हतियार थियो भन्ने थाहा नभएको* भनी आफ्नो साथबाट पेस्तोल वरामद भएको तथ्यमा सावित रही वयान गरेका छन् ।

निजका साक्षी हरेराम यादवले यस कार्यालयमा आई वकपत्र गर्दा प्रतिवादी रमानन्द निर्दोष रहेको भनी खुलाएता पनि वारदातको समयमा वारदात स्थल भन्दा वाहिर रहेका साक्षीले अनुमानको आधारमा गरेको वकपत्रलाई प्रामाणिक महत्व दिन सकिएन । यस कार्यालयबाट तोकिएको तारेखमा वादी नेपाल सरकारका तर्फबाट साक्षीहरु पेश नगरिएता पनि प्रतिवादीले आफ्नो साथबाट पेस्तोल वरामद भएको तथ्यमा यस कार्यालयमा सावित रहेको अवस्थामा मिसिल संलग्न अन्य प्रमाण कागजका आधारमा न्याय निरुपण गर्नु विवेक सम्मत नै देखियो ।

अतः वरामदी खानतलासी मुचुल्का, प्रतिवादीले अनुसन्धानका क्रममा गरेको वयान, हातहतियार परीक्षण प्रतिवेदन र यस कार्यालय समक्ष गरेको वयान समेतबाट निज प्रतिवादी रमानन्द चौधरीको साथबाट पेस्तोल थान १ वरामद भएको तथ्य पुष्टि हुन आयो । *अदालत समक्ष इन्कार रहदैमा सफाई पाउने भन्ने हुदैन । अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई समर्थन गर्ने अन्य तथ्यहरु छन् भने ती तथ्यहरुलाई घटनाको समग्रतासँग जोडेर हेर्नु पर्ने* भनी सम्मानित सर्वोच्च अदालतबाट बोलिएको पाइन्छ ( ने.का.प. २०६६, श्रावण, पृ.५४९) । यहाँ प्रतिवादीले आफुसंग पेस्तोल वरामद भएको तथ्यलाई स्वीकार गरेका छन्, आफुले बोकेको झोलामा पेस्तोल रहेको थाह नभएको भनी जिकिर लिए पनि सो को चित्त बुझ्दो र मनासिव माफिकको कारण प्रमाण पेश गर्न सकेको देखिएन, निजले लिएको जिकिर विश्वसनीय देखिंदैन । तसर्थ प्रतिवादी रमानन्द चौधरीले विना लाईसेन्स हातहतियार आफुसँग राखेको, एक जिल्लाबाट अर्को जिल्लामा ल्याएको र साथमा लिई हिडेको पुष्टि हुन आएकाले निजले अभियोग दावी बमोजिम कसूर गरेको ठहर्छ । सो ठहर्नाले सजाय तर्फ विचार गर्दा हतियार चालु अवस्थामा रहेको र उक्त हतियार विक्री गर्ने प्रयोजनका लागि रकम लिनु दिनु समेत भई सकेको र साथमा लिई बोकी हिडेको देखिदा निजलाई ऐ.ऐनको दफा २०(२) बमोजिम ३(तीन) वर्ष कैद हुन्छ । वरामद भई आएको पेस्तोल थान १ ऐ.ऐनको दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

<u>तपसिल</u>

प्रतिवादी रमानन्द चौधरी के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई ३(तीन) वर्ष कैद सजाय हुने ठहरेकोले निज पक्राउ परेको मिति २०७०।६।२६ बाट हिरासतमा बसेको अवधि गणना गरी निजलाई कैदमा बस्न कैदीपूर्जि दिनु.......................................................................................१

प्रस्तुत ईन्साफमा चित्त नबुझे ७० दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्र. रमानन्द चौधरीलाई पुनरावेदन म्याद दिनू..................................................................................२

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु..........................................................३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ............................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू...५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..............................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा,
ना.सु.भुवराज घिमिरे

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल फाल्गुण ११ गते रोज २ शुभम् .......................